


Research Management Cell (RMC)
JANAJYOTI MULTIPLE CAMPUS, Lalbandi Sarlahi
JANAJYOTI JOURNAL

ISSN: 2961-1563 (Print)

# प्राज्ञिक लेखनको सैद्धान्तिक अवधारणा

डा. केशव भुसाल
*keshabbhusal.tu@gmail.com*

## सार

*प्रस्तुत लेख प्राज्ञिक लेखनमा आधारित रहेको छ । यस लेखमा प्राज्ञिक लेखन र यस सम्बन्धी बहुविध क्षेत्रको सैद्धान्तिक चर्चा गरिएको छ । प्राज्ञिक लेखनको परिचय दिनु, प्राज्ञिक लेखनका सिद्धान्त प्रस्तुत गर्नु र प्राज्ञिक लेखनको भाषाशैली उल्लेख गर्नु यस अध्ययनका उद्देश्य रहेका छन् । प्रस्तुत अध्ययन मूलतः गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस अध्ययनमा मूलतः द्वितीयक स्रोतका सामग्रीहरूको प्रयोग गरिएको छ । यस क्रममा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ । यस अध्ययनमा अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको अधिक उपयोग गरिएको छ । यस अध्ययनबाट प्राज्ञिक व्यक्तित्वले सम्बन्धित संस्थाको नियममा रही निर्धारित मापदण्ड अनुरूप तयार पार्ने नोट, लेखरचना, प्रतिवेदन, शोधपत्र वा शोधप्रबन्धमा आधारित लेखनलाई प्राज्ञिक लेखन भनिने, यसमा प्रयोजनकेन्द्रित, पाठककेन्द्रित, स्पष्ट दृष्टिकोणमा आधारित, विषयमा आधारित, सङ्गठनात्मक, प्रामाणिक, स्पष्ट वर्णनमा आधारित, अनुसन्धानकेन्द्रित, निश्चित शैलीमा आधारित, मौलिकलगायतका सिद्धान्तको उपयोग गरिने, प्राज्ञिक लेखनको भाषाशैली वस्तुपरक, आग्रहरहित, अनलङ्कारिक, भावहरणहीन, अतिसामान्यीकरणविहीन, अनावृत्त, सङ्गतियुक्त, संसक्ति र संयुक्तियुक्त, साक्षात्मक आदि गुणले युक्त हुनुपर्नेलगायतका निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययन विश्वविद्यालय तहमा अध्ययनरत विद्यार्थी, अनुसन्धानरत*

*शोधार्थी र प्राज्ञिक लेखनका क्षेत्रमा रुचि राख्ने जोकोहीका लागि पनि उपयोगी हुने अपेक्षा गरिएको छ ।*

**मुख्य शब्दावली** : प्राज्ञिकता, प्राज्ञिक भाषा, प्राज्ञिक विशेषता, प्राज्ञिक सिद्धान्त ।

## अध्ययनको पृष्ठभूमि

कुनै पनि विषयवस्तु, भाव वा विचारलाई लिपिबद्ध रूपमा प्रस्तुत गर्ने कार्यलाई लेखन भनिन्छ । लेखनका विभिन्न प्रकृति वा स्वरूप हुन्छन् । सामान्य लेखन, विद्वतापूर्ण लेखन, साहित्यिक लेखन आदि यसका प्रकृति मानिन्छन् । यीमध्ये प्राज्ञिक लेखन विद्वतापूर्ण लेखनअन्तर्गत पर्दछ । यसको प्रयोग व्यवहार मूलतः अनुसन्धानात्मक लेखरचना, कृति वा शोधकार्यहरूमा हुने गर्छ ।

अध्ययन, अनुसन्धानमा आधारित लेखन गहन प्रकृतिको हुन्छ । यस क्षेत्रको लेखनमा सबैको संलग्नता नरही सीमित लेखक एवम् अनुसन्धानकर्ताको संलग्नता रहेको देखिन्छ । यसका पछाडि हुने विभिन्न कारणहरूमा सामान्य वा कमजोर लेख भएकाले, लेख वा रचनामा पर्याप्त प्रमाण नभएकाले, लेख अनुसन्धानको ढाँचामा नरहेकाले, अन्य लेखकको सामग्रीबाट अधिकांश सामग्री ग्रहण गरिएकाले, मनोगत वा भावनात्मक किसिमले तयार पारिएकाले, प्राज्ञिक लेखनको स्वरूप दिन नसकेकाले आदि हुन सक्छन् ।

प्राज्ञिक लेखन निश्चित ढाँचामा आधारित लेखन हो । यद्यपि यसको ढाँचा वा स्वरूप विश्वविद्यालय, विभाग वा विद्यालयले निर्धारण गरेको वा अवलम्बन गरेको स्वरूपमा भर पर्ने हुन्छ । यस सम्बन्धी जानकारी नहुँदा वा त्यसमा ध्यान नपुग्दा पनि लेखरचनाहरू प्रकाशनयोग्य नहुन सक्छन् । वर्तमान सन्दर्भमा प्राज्ञिक लेखनतर्फ अध्ययन, अनुसन्धानमा क्रियाशील विद्यार्थी तथा शोधार्थीहरूको ध्यान केन्द्रित भएको भए पनि यसमा अपेक्षाकृत सुधार आउन सकेको देखिँदैन । यस किसिमको वस्तुतालाई हृदयङ्गम गरी प्रस्तुत अध्ययनमा प्राज्ञिक लेखनसम्बद्ध सैद्धान्तिक विषयवस्तुको अन्वेषण गरी उपयोगी जानकारी प्रवाह गरिएको छ ।

## समस्या कथन

प्रस्तुत अध्ययनको मुख्य समस्या प्राज्ञिक लेखन रहेको छ । यसका अन्य समस्याका रूपमा प्राज्ञिक लेखनका प्रकार, यससम्बद्ध सिद्धान्त र भाषा रहेका छन् ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य प्राज्ञिक लेखनको सैद्धान्तिक चर्चा गर्नु रहेको छ। यसका अन्य उद्देश्यका रूपमा प्राज्ञिक लेखनका प्रकार, सिद्धान्त र भाषाशैली प्रस्तुत गर्नु रहेका छन्।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ। यसमा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। यस अध्ययनमा पुस्तकालयीय कार्यका माध्यमबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ। यस क्रममा प्राज्ञिक लेखनका बारेमा चर्चा गरिएका अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ। प्रस्तुत अध्ययनमा प्राज्ञिक लेखनको चर्चाका क्रममा सैद्धान्तिक एवम् प्ररूपात्मक विवेचन प्रक्रियालाई अवलम्बन गरिएको छ। यस क्रममा विभिन्न शीर्षक-उपशीर्षकमा आवश्यक तथ्यहरूको व्याख्या विश्लेषण गरिएको छ।

## व्याख्या विश्लेषण

प्राज्ञिक लेखन र यससम्बद्ध सैद्धान्तिक अध्ययनमा आधारित प्रस्तुत लेखमा अध्ययनबाट प्राप्त विषयवस्तुलाई निम्नानुसारका उपशीर्षिकमा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ :

### प्राज्ञिक लेखनको परिचय

प्राज्ञिक लेखनलाई सहज भाषामा परिभाषित गर्न सकिँदैन। यद्यपि यसलाई विद्वान्‌हरूले व्यवस्थित लेखनका आधारमा परिभाषित गरेको पाइन्छ। गुल्कट (सन् २००४) का अनुसार प्रारम्भिक दृष्टिकोणहरूमा प्राज्ञिक लेखनको अर्थ अनुच्छेदबाट अनुच्छेदलेखनको नियन्त्रित प्रक्रियामा जानु थियो। वर्तमान सन्दर्भमा यसको परिभाषा विस्तीर्ण हुँदै गएको छ। यसलाई एक किसिमले प्राज्ञिक व्यक्तिको कर्मका रूपमा परिभाषित गर्न सकिन्छ। यसको प्रयोग व्यवहार विश्वविद्यालय तहमा अधिक हुने मानिन्छ। बेली (सन् २०११) का दृष्टिमा प्राज्ञिक लेखनमा विद्यार्थीहरूले आफ्नो तर्क स्पष्ट र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ। यसमा विभिन्न स्रोतबाट प्रमाण लिएर टिप्पणी र विश्लेषण गर्नुपर्ने हुन्छ।

प्राज्ञिक लेखन लक्षित वर्गका निम्ति उपयुक्त हुनुपर्छ । वस्तुतः यो विभिन्न तहका विद्यार्थी, विद्वान् तथा पाठकका लागि रुचिकर हुनुपर्छ । यसमा सम्बन्धित भाषाको व्याकरणिक नियमको समुचित व्यवहार अपेक्षा गरिन्छ । यसअलावा संसक्ति र संयुक्तिको युक्तियुक्त प्रयोग अपेक्षाकृत हुन्छ । हनिफी (सन् २०२०) का अनुसार प्राज्ञिक लेखनमा विद्यार्थीहरूले विराम चिन्हका नियम र व्याकरणको सम्मान गर्नुपर्छ । प्राज्ञिक लेखनका सन्दर्भमा यो कुरा महत्त्वपूर्ण हुन्छ । यसको ढाँचागत स्वरूप सम्बद्ध संस्थाको नियम वा प्रचलनमा निर्भर हुन्छ अर्थात् विभिन्न विद्यालय र विभागअनुसार प्राज्ञिक लेखनको प्रकृति फरक-फरक हुन्छ । यद्यपि यो समाचार-पत्र वा उपन्यासलेखनभन्दा भिन्न हुन्छ ।

प्राज्ञिक लेखन निश्चित उद्देश्यमा आधारित हुन्छ जसलाई यसको कारणसमेत मान्न सकिन्छ किंवा लेखनका निश्चित कारण हुन्छन् । यसमा लेखक स्पष्ट हुनुपर्छ । बेली (सन् २०११) का अनुसार कुनै पनि लेखकले आफूले गरेको अनुसन्धानबारे उल्लेख गर्न, आफूले छानेको प्रश्नको उत्तर दिन, साझा रुचिका विषयमा छलफल गर्न, विभिन्न विषयमा लेखकीय दृष्टिकोण प्रस्तुत गर्न र अन्यद्वारा गरिएको अनुसन्धानलाई संश्लेषित गर्न लेख्ने गर्छन् । यसलाई लेखनका कारण वा प्रयोजन मान्न सकिन्छ । उनका अनुसार प्राज्ञिक लेखनको कुनै निश्चित मानक भने पाउन सकिँदैन ।

प्राज्ञिक लेखनको स्वरूप वस्तुगत हुन्छ । यसमा प्रस्तुत गरिने विषयवस्तु सही, पत्यारिलो र खोजमूलक हुनुपर्छ । यसको अर्थ प्राज्ञिक लेखन भावनात्मक, काल्पनिक, अनुमानित तथा मनोगत प्रस्तुतिमा आधारित हुँदैन । यसमा आदि, मध्य र अन्त्यको सङ्गठनात्मक स्वरूप व्यवहृत हुन्छ । कुनै पनि अनुसन्धानमूलक लेख वा प्रतिवेदनमा अध्ययनीय विषय, अध्ययनको क्षेत्र, उद्देश्य, विधि, व्याख्या र निष्कर्षलाई क्रमिक रूपमा प्रस्तुत गरिएको हुन्छ । यसलाई यसको संगठनात्मक चिनारीका रूपमा लिन सकिन्छ ।

प्राज्ञिक लेखनमा अरूका विचार वा भनाइलाई स्रोत दिएर उल्लेख गर्नुपर्ने हुन्छ । स्रोतविना कसैको सामग्री प्रस्तुत गर्ने कार्यलाई भावहरण भनिन्छ । यसमा कसैका सामग्री उद्धृत गर्दा समाख्यानात्मक उद्धरण (न्यारेटिभ साइटेसन) र कोष्ठक उद्धरण (प्यारेन्थेटिकल साइटेसन) को प्रयोग गरिन्छ । प्राज्ञिक लेखनमा प्रस्तुत गरिने विचार वा विषयवस्तुको अनावश्यक आवृत्ति उपयुक्त मानिँदैन ।

उल्लिखित सन्दर्भलाई दृष्टिगत गर्दा प्राज्ञिक व्यक्तित्वले सम्बन्धित संस्थाको नियममा रही निर्धारित मापदण्ड अनुरूप तयार पार्ने नोट, लेखरचना, प्रतिवेदन, शोधपत्र वा शोधप्रबन्धमा आधारित लेखनलाई प्राज्ञिक लेखन भनिन्छ ।

## प्राज्ञिक लेखनका सिद्धान्त

प्राज्ञिक लेखन निश्चित सिद्धान्त वा मान्यतामा आधारित लेखन हो । यसको प्रकृति व्याख्यात्मक, विश्लेषणात्मक, समालोचनात्मक र प्रभावात्मक हुने मानिन्छ। प्राज्ञिक लेखनका यी विभिन्न प्रकृतिमध्ये व्याख्यात्मक लेखन विषयवस्तुको वस्तुपरक वर्णन, तुलना र वर्गीकरणमा आधारित हुन्छ। यस किसिमको लेखन को, के, कहाँ जस्ता प्रश्नको उत्तरमा आधारित हुन्छ । यसमा विषय वर्णनका लागि वस्तुगत र विषयगत गरी दुई मुख्य तरिका रहेको मानिन्छ । किन, कसरी वा त्यसोभए के भन्ने प्रश्नको उत्तर पाउन सकिँदैन । विश्लेषणात्मक लेखन विभिन्न प्रमाणका आधारमा विषयवस्तुको समीक्षा गर्ने शैली हो । यस किसिमको लेखनले अध्ययनको निष्कर्षमा पुग्नका लागि आवश्यक विचार एवम् प्रक्रिया प्रदान गर्दछ। यसमा किन, कसरी जस्ता प्रश्नको उत्तर पाउन सकिन्छ। साथै यो निश्चित ढाँचामा आधारित भएर लेखिन्छ। समालोचनात्मक लेखन आफ्नोसहित अरूको दृष्टिकोणमा आधारित लेखन हो । यस लेखनमा विभिन्न परिप्रेक्ष्यबाट विषयवस्तुको बोध गरी विवेचन गरिन्छ। प्रभावात्मक वा प्रेरक लेखन तर्क, कारण र प्रयोगमा आधारित लेखन हो। यसमा कुनै एक विचारलाई अर्को विचारभन्दा बढी वैध छ भनी देखाउने काम गरिन्छ। साथै, यसले पाठकलाई निश्चित धारणाको अवलम्बन गर्न वा विशिष्ट कार्य सम्पादन गर्न आवश्यक सहजीकरण गर्ने मानिन्छ।

प्राज्ञिक लेखन निश्चित विधि र मान्यतामा आधारित लेखन हो । यस सम्बन्धमा विटेकर (सन् २०१०) लगायतका विद्वान्हरूले चर्चा गरेको पाइन्छ। प्राज्ञिक लेखनका लागि आवश्यक केही महत्तम सिद्धान्तहरूको व्याख्या निम्नानुसार गरिएको छ :

**स्पष्ट प्रयोजन :** प्राज्ञिक लेखनको निश्चित उद्देश्य वा प्रयोजन हुन्छ। यस किसिमको लेखनका तीन प्रयोजन हुन्छन् : प्रभावी प्रयोजन, विश्लेषणात्मक प्रयोजन र सूचनात्मक प्रयोजन। प्राज्ञिक लेखनमा पाठकले प्रश्नको उत्तर ग्रहण गर्न सक्ने खालको विचार प्रस्तुत हुनुलाई प्रभावी प्रयोजन भनिन्छ । यसमा उत्तरलाई विश्वसनीय बनाउन तर्क र प्रमाण प्रस्तुत गरिएको हुन्छ । प्राज्ञिक लेखनमा निर्धारित प्रश्न वा समस्याका सम्भाव्य उत्तरको मूल्याङ्कन र वर्णन गरिनुलाई विश्लेषणात्मक प्रयोजन भनिन्छ। यसमा कारणको पहिचान, प्रभावको परीक्षण, प्रभावकारिताको मूल्याङ्कन, समस्या समाधानका लागि मार्ग निर्धारण, विविध विचारबिचको सम्बन्ध पहिचान, अन्य व्यक्तिको विचारको विश्लेषणलगायतका कार्य गरिन्छ । प्राज्ञिक लेखनमा प्रश्न वा समस्याको सम्भाव्य उत्तरको व्याख्या गर्नुलाई सूचनात्मक प्रयोजन भनिन्छ । यसमा अध्ययनीय शीर्षक वा विषयबारे पाठकलाई नवीन सूचना दिनुपर्ने हुन्छ ।

**पाठकलक्षित दृष्टि :** प्राज्ञिक लेखन प्राज्ञिक व्यक्तित्वको क्षमता विकासमा आधारित लेखन हो । यसमा पाठक पक्षलाई पनि ध्यान दिनुपर्ने हुन्छ । यस क्रममा पाठकको स्तर, रुचि वा चाहनामा ध्यान दिनुपर्छ । पाठकहरूलाई आफ्नो विचारसँग संलग्न गराउनुपर्छ । उनीहरूलाई आफूसँगै हिडाउनुपर्छ । उपयुक्त तर्क र प्रमाणका आधारमा उनीहरूलाई विश्वस्त तुल्याउनुपर्छ । प्राज्ञिक लेखनमा यस किसिमको गुण नहुने हो भने त्यो सम्बन्धित तह वा लक्षित वर्गका लागि अनुपयुक्त हुन पुग्छ ।

**स्पष्ट दृष्टिकोण :** प्राज्ञिक लेखन उपलब्ध तथ्य, प्रमाण वा सूचनाको प्रवाहमा मात्र आधारित लेखन होइन । यो अध्येता वा अनुसन्धानकर्ताको दृष्टिकोणमा आधारित लेखन पनि हो । यसर्थ यसलाई उपलब्ध तथ्य वा प्रमाणको प्रस्तुतिमा मात्र सीमित गर्नु हुँदैन । त्यससँगै लेखक वा अनुसन्धानकर्ताको बुझाइ एवम् विचार प्रस्तुत गर्नुपर्छ किंवा यसमा लेखकको मौलिक अवधारणा आएको हुनुपर्छ जसलाई अनुसन्धेय प्रश्न वा समस्याको प्राज्ञिक उत्तर मान्न सकिन्छ । यसबाट पाठकीय धारणामा समेत परिवर्तन ल्याउन सकिन्छ ।

**विषयकेन्द्रित लेखन :** प्राज्ञिक लेखन निश्चित विषयमा आधारित हुनुपर्छ । यसका हरेक अनुच्छेद तथा हरेक वाक्य अनुसन्धानात्मक कार्यलाई सहयोग गर्ने खालको हुनुपर्छ । यस किसिमको लेखनमा अनावश्यक खालका, असान्दर्भिक प्रकृतिका तथा महत्त्वहीन विषयवस्तु प्रस्तुत गर्नुहुँदैन । साथै, यसमा विरोधाभाषपूर्ण, वैकल्पिक एवम् द्वैध सूचना प्रवाह गर्नुहुँदैन । यसो गर्दा प्राज्ञिक लेखन अप्राज्ञिक बन्ने मात्र होइन, त्यसको विश्वसनीयतामा पनि प्रश्न उठ्न सक्छ । यसलाई दृष्टिगत गरी प्राज्ञिक लेखनलाई अध्ययनीय विषयकेन्द्रित तुल्याउनुपर्छ । यसका शीर्षक, उपशीर्षक र विषयवस्तुले मूलभूत विषयलाई लक्षित गरेको हुनुपर्छ ।

**तार्किक सङ्गठन :** प्राज्ञिक लेखनको निश्चित ढाँचा वा सङ्गठन हुन्छ । यसअन्तर्गत पर्ने शोधप्रस्ताव, शोधपत्र, लेखरचना आदिको ढाँचामा विविधता पनि हुन्छ । यद्यपि यी प्रकृतिका लेखनमा आदि, मध्य र अन्त्यको ढाँचा अवलम्बन गरिन्छ । यस अर्थमा यसका तीन भाग हुन्छन् : परिचय भाग, व्याख्या भाग र निष्कर्ष भाग । यसको परिचय भागले पाठकको ध्यान केन्द्रित गर्न सक्नुपर्छ । यस भागमा अध्ययनीय पृष्ठभूमि, अपेक्षित परिणाम आदिबारेको सूचना प्रस्तुत गर्नुपर्छ । यसको व्याख्या भागमा विभिन्न अनुच्छेदहरू प्रस्तुत गर्नुपर्छ जसबाट अनुसन्धानात्मक कार्यलाई सघाउ पुग्ने मानिन्छ । यस भागका अनुच्छेदहरूमा तार्किक कथन र प्रमाण प्रस्तुत गरिएको हुनुपर्छ । यसका हरेक अनुच्छेदले पूर्व र पश्च अनुच्छेदलाई संयोजन गर्नुपर्छ । परिणामस्वरूप पाठकलाई विचारका बिचको सम्बन्ध पहिचान गर्न थप मिहिनेत गर्नुपर्दैन । यसको निष्कर्ष अनुसन्धानात्मक विषयवस्तुको

निचोडका रूपमा देखा पर्छ । यसमा अनुसन्धान कार्यलाई सारांशीकृत गरिन्छ र पाठकलाई उक्त कार्यबाट निष्पन्न तथ्यको महत्ता प्रस्तुत गरिन्छ । प्राज्ञिक लेखनमा एउटा भाग वा अनुच्छेदले अर्को भाग वा अनुच्छेदलाई तार्किक रूपमा संयोजन गरेको हुन्छ ।

**बलियो समर्थन :** प्राज्ञिक लेखनलाई अन्य लेखनभन्दा भिन्न तुल्याउने आधार बलियो समर्थन वा प्रामाणिकता हो । यसमा भावनात्मकता, काल्पनिकता, अनुमानात्मकतालाई बर्जित गरिन्छ । यस किसिमको लेखनमा प्रस्तुत गरिने विषयवस्तु सत्य, तथ्यमा आधारित, विश्वसनीय एवम पत्यारिला हुन्छन् । त्यसैले यस कार्यलाई कठिन मिहिनेतको प्रतिफल पनि मानिन्छ । यसमा प्राथमिक वा द्वितीयक स्रोतका सामग्रीलाई आवश्यक प्रमाणका रूपमा प्रस्तुत गरिन्छ । साथै, कसैका भनाइ, विचार वा अभिव्यक्तिलाई स्रोत दिएर मात्र प्रस्तुत गरिन्छ । अतः एव प्राज्ञिक लेखनमा अनुसन्धानात्मक कार्यलाई पुष्टि गर्ने सान्दर्भिक र पर्याप्त आधार प्रस्तुत गरिएको हुन्छ र हुनुपर्छ ।

**स्पष्ट र पूर्ण वर्णन :** प्राज्ञिक लेखनमा लेखकले सम्पन्न गरेको कार्य स्पष्ट रूपमा प्रस्तुत भएको हुनुपर्छ । यसमा पाठकले लेखकीय विचार, तर्क र सङ्गठनलाई बुझ्न कठिन मिहिनेत गर्नुनपर्ने प्रकृतिको हुनुपर्छ । साथै लेखकीय विचार र विचारात्मक प्रक्रिया स्पष्टताका साथ आएको हुनुपर्छ, पूर्ण रूपमा आएको हुनुपर्छ । यसले प्राज्ञिक लेखनलाई थप वस्तुगत तुल्याउँछ । यसबाट अनुसन्धानात्मक क्षेत्रमा क्रियाशील व्यक्तिहरूले आवश्यक ज्ञान वा मार्ग ग्रहण गरी आफ्नो लक्ष्य स्पष्ट गर्न सक्छन् ।

**अनुसन्धानको प्रभावकारी प्रयोग :** प्राज्ञिक लेखनमा अनुसन्धानात्मक तौरतरिका तथा ढाँचाको प्रयोग गर्नुपर्छ । शोधप्रस्ताव लेखन, शोधप्रतिवेदन लेखन वा लेख लेखनका आ-आफ्नै तौरतरिका भए पनि तिनमा अनुसन्धानात्मक साझा गुणहरू अन्तर्निहित हुन्छन् । यसअन्तर्गत समकालीन विविधता, उच्च गुणात्मकता, पेसागत र प्राज्ञिक स्रोतलगायतलाई लिन सकिन्छ । अर्को शब्दमा अनुसन्धान कार्यलाई आफ्ना विचारको पुष्टिका लागि प्रयोग गर्न सकिन्छ । यसलाई पृथकीकृत रूपमा नभई एकीकृत रूपमा प्रस्तुत गर्नुपर्छ । यसमा स्रोत सामग्रीको परिचय, व्याख्या, विश्लेषण र उद्धरण प्रस्तुत गरिएको हुनुपर्छ । यसलाई अनुसन्धानात्मक लेखनको प्रकृति मान्न सकिन्छ ।

**निश्चित शैलीको प्रयोग :** अनुसन्धानात्मक लेखनमा निश्चित शैली अपनाइएको हुन्छ । विश्वका विभिन्न विश्वविद्यालयले विभिन्न शैली अवलम्बन गरेको पाइन्छ । यसको प्रयोग व्यवहारमा विश्वविद्यालयको आफ्नै नियम रहेको देखिन्छ । संसारमा प्रचलित विभिन्न शैलीमध्ये एपिए शैली, एमएलए शैली, हार्बड शैली आदि बहुप्रचलित शैलीका रूपमा रहेका

छन् । त्रिभुवन विश्वविद्यालयले एपिए र एमएलए शैलीको प्रयोग व्यवहार गरेको देखिन्छ । वास्तवमा यसको प्रयोग उद्धरण, सन्दर्भसूची एवम् उपयुक्त ढाँचामा विषयवस्तु प्रवाहका लागि गरिन्छ । जुनसुकै शैली अवलम्बन गरे पनि प्राज्ञिक लेखनमा शैलीगत एकरूपताको अपेक्षा गरिन्छ ।

**मौलिक लेखन :** प्राज्ञिक लेखन मौलिकतामा आधारित हुन्छ । यसमा यथासम्भव आफ्नै शब्द र शैलीको प्रयोग गर्नुपर्छ । प्राज्ञिक लेखनका लागि निर्धारित मापदण्ड वा तौरतरिकामा झन्झट मान्नु हुँदैन किनभने प्राज्ञिक लेखनको प्रकृति वा शैली एकअर्कामा भिन्न हुनुपर्छ । यो कसैले गरेका कार्यलाई आफ्नो बनाई प्रस्तुत गर्ने वा अरूका कार्यलाई विनाकुनै स्रोत र अनुमति हुबहु प्रस्तुत गर्ने कार्य होइन । यसमा हरेक व्यक्तिको शैली भिन्न रूपमा व्यवहृत हुनुपर्छ । यसअतिरिक्त प्राज्ञिक लेखनमा अधिक औपचारिकताको निर्वाह गर्नुहुँदैन । बरु प्राकृतिक वा कुराकानीगत शैलीमा विषयवस्तु प्रस्तुत गर्नुपर्छ ।

**भाषिक नियमको उपयोग :** प्राज्ञिक लेखनको ढाँचा विश्वव्यापी रूपमा मिल्दो भए पनि यसमा भाषाअनुसारका नियमको प्रयोगव्यवहार भने फरक हुन्छ । वस्तुतः प्राज्ञिक लेखनमा व्याकरण र शब्दभण्डारको प्रयोगमा विशेष ध्यान दिनुपर्ने हुन्छ । जति नै प्रामाणिक, विश्वसनीय र वस्तुगत अनुसन्धान भए पनि त्यसमा प्रयुक्त शब्द र वाक्य अनुचित, द्व्यार्थक, दुर्बोध्य र मानक नियमविपरीत भएमा त्यसको खास अर्थ रहँदैन । त्यसो त त्रुटिपूर्ण भाषाको प्रयोगबाट लेखकले भाषा प्रयोगमा ख्याल नगरेको वा ध्यानै नदिएको सन्देश प्रवाह हुन पुग्छ । अतः प्राज्ञिक लेखनमा त्रुटिरहित भाषाको प्रयोगव्यवहारमा ध्यान दिनुपर्ने हुन्छ ।

## प्राज्ञिक लेखनको भाषाशैली

भाषा प्रयोगका कथ्य, लेख्य र साङ्केतिक शैली हुन्छन् । विधागत प्रकृतिअनुसार लेखनका विभिन्न ढाँचा वा तरिका हुन्छन् । एउटा असल लेखक बन्नका लागि विधाअनुसारको लेखन सिप आवश्यक पर्छ । प्राज्ञिक लेखन सामान्यतया औपचारिक, वस्तुगत र प्राविधिक प्रकृतिको हुन्छ । यसमा अनौपचारिक एवम् कुराकानीगत भाषा प्रयोगलाई बर्जित गरी स्तरीय एवम् मानक भाषाको प्रयोग गरिन्छ । प्राज्ञिक लेखन भावनात्मक लेखन र काल्पनिक लेखनभन्दा भिन्न हुन्छ । यसमा वैयक्तिक अनुभव वा अनुभूतिलाई स्थान दिइँदैन । बरु तथ्य, विचार र सत्यलाई स्थान दिइन्छ । यो एक किसिमले उद्देश्य वा प्रयोजनमा आधारित लेखन हो । यसमा तथ्यको व्याख्या, सिद्धान्तको मूल्याङ्कन, विचारको विकास र अन्यका कार्यमाथि समालोचना गरिन्छ । प्राज्ञिक लेखनलाई वस्तुगत तुल्याउनका लागि वाक्यमा

तथ्य वा विचारको प्रवाह आवश्यक हुन्छ । जस्तै : 'म यो कुरामा विश्वास गर्छु कि' नभनेर 'यस तथ्यले के देखाउँछ भने' भनी उल्लेख गर्नु उपयुक्त हुन्छ । 'यसबाट यो कल्पना गर्न सकिन्छ' भन्नुको साटो 'यसबाट यो स्पष्ट हुन्छ' भन्नु उपयुक्त हुन्छ । प्राज्ञिक लेखनमा आफ्नो विचार वा दृष्टिकोणलाई पुष्टि गर्नका लागि कुनै पुस्तक, लेख वा अनुसन्धानका तथ्यलाई उद्धृत गर्नुपर्छ । अवागु (सन् २०२१) का दृष्टिमा प्राज्ञिक लेखन वस्तुगत, स्पष्ट, विश्लेषणात्मक र लेखकीय उपस्थितिले युक्तियुक्त हुनुपर्छ । यसअलावा यो औपचारिक, योजनाबद्ध, सुसङ्गठित, विशिष्ट, नैतिक, तथ्यपूर्ण, सटिक, सन्तुलित, तटस्थ एवम् सही हुनुपर्छ । प्राज्ञिक लेखनलाई यस किसिमले सुसङ्गत तुल्याउने सन्दर्भमा भाषाको भूमिका महत्तम रहेको हुन्छ । प्राज्ञिक लेखनको भाषाशैली निम्नानुसारको हुनुपर्छ :

**वस्तुपरक :** वस्तुतः दैनन्दिनको भाषालाई विषयगत भाषा मानिन्छ जहाँ वैयक्तिक मूल्य र विश्वासमा आधारित भई तथ्यविना नै विचारहरू प्रस्तुत गरिन्छ । यसको कुनै प्रमाण हुँदैन । यसविपरीत प्राज्ञिक लेखनको भाषा वस्तुपरक हुन्छ जहाँ तथ्य वा प्रमाण प्रस्तुत गरिएको हुन्छ । प्राज्ञिक लेखनमा सन्दर्भ पुस्तक, पाठ्यपुस्तक उद्धृत गर्दै विषयवस्तु प्रवाह गरिने भएकाले यसको विश्वसनीयता अधिक हुन्छ । अवागु (सन् २०२१) का अनुसार वस्तुपरकता अनुसन्धानात्मक तथ्यमा आधारित हुन्छ । यो न त विचार वा पूर्वाग्रहमा आधारित हुन्छ न त विचार वा पूर्वाग्रहबाट प्रभावित हुन्छ । वस्तुगत लेखनमा लेखकले आत्मविश्वासका साथ तर्क प्रस्तुत गर्ने मानिन्छ । वस्तुगत लेखनमा कुनै अविश्वास, टकराब वा मनमुटावको सम्भावना रहँदैन, बरु प्राज्ञिक बहसको सम्भावना रहन्छ । हार्टली (सन् २००८) का अनुसार वैज्ञानिक पाठ सटिक, अवैयक्तिक र वस्तुगत हुनुपर्दछ । प्राज्ञिक अनुसन्धानमा अनुसन्धाताले अनुसन्धानात्मक समस्यालाई स्पष्ट रूपमा उल्लेख गरेको हुनुपर्छ । हिन्केल (सन् १९९९) का अनुसार वस्तुगतता अनुसन्धाताको अनुसन्धान शीर्षक, अनुसन्धान ढाँचा र निर्धारित प्रतिमानलगायतबाट प्रभावित हुन सक्छ ।

**आग्रहरहित :** प्राज्ञिक लेखनको अर्को गुण आग्रहरहित हुनु हो । अवागु (सन् २०२१) का अनुसार अनुसन्धानको भाषा पूर्वाग्रहमुक्त हुनुपर्छ । यसमा प्रस्तुत गरिने भाषा तटस्थ हुनुपर्छ । आग्रहरहित भाषा प्रयोगलाई अनुसन्धाताको नैतिकता र जिम्मेवारीका रूपमा लिइन्छ । अवागु (सन् २०२१) का अनुसार प्राज्ञिक लेखनमा अभिलेखीकरण, सूक्ष्म परीक्षण र अन्य उद्देश्यात्मक नियन्त्रणको व्यवहार गरिन्छ । साथै, यसको भाषा विश्वासिलो एवम् पत्यारिलो हुन्छ । 'अपाङ्ग' लाई 'भिन्न रूपमा सक्षम', 'अन्धा' लाई 'दृष्टिविहीन', 'बुढो' लाई 'प्रौढ' वा 'उमेरका दृष्टिले उत्तम', 'बुढी आइमाई' लाई 'सत्तरीको दशककी महिला' का रूपमा भाषा प्रयोग गर्नुलाई यसको उदाहरण मान्न सकिन्छ ।

**अनलङ्कारिक :** कथ्य भाषा वा साहित्यिक भाषा प्रयोगका सन्दर्भमा आलङ्कारिक भाषाको प्रयोग गरिने भए पनि प्राज्ञिक लेखनमा अनलङ्कारिक भाषाको प्रयोग गर्नुपर्छ अर्थात् यसमा आलङ्कारिक भाषालाई स्थान दिइँदैन । प्राज्ञिक लेखनमा मूलतः तृतीय पुरुषात्मक भाषाको अपेक्षा गरिन्छ। तृतीय पुरुषात्मक भाषामा आलङ्कारिक भाषा प्रयोगको सम्भावना कम हुने ठानिन्छ । हार्टली (सन् २००८) का अनुसार वस्तुगत लेखनमा प्रथम पुरुषात्मक भाषाको प्रयोग गर्नुहुँदैन। यसले पूर्वाग्रह र अनपेक्षित अनुमानलाई प्रश्रय दिन्छ। त्यसैले यसमा तृतीय पुरुषको प्रयोगलाई प्राथमिकता दिनुपर्छ। अनुसन्धानात्मक कार्य तथ्य र सत्यमा आधारित हुने भएकाले यस खाले लेखनमा काल्पनिकता र भावनात्मकताको अपेक्षा गरिँदैन । यसमा आलङ्कारिक भाषा प्रयोगले रुचि पैदा नगर्ने मानिन्छ ।

**भावहरणहीन :** कसैको भनाइ, विचार वा सामग्रीलाई स्रोत नै उल्लेख नगरी आफ्नो तुल्याएर प्रस्तुत गर्ने कार्यलाई भावहरण भनिन्छ । यसलाई साहित्यिक चोरी वा बौद्धिक चोरी पनि भनिन्छ। बेली (सन् २०११) का अनुसार भावहरणलाई बेवास्ता गर्नु वा भावहरण नगर्नु प्राज्ञिक लेखनको महत्तम विशेषता हो। यदि कसैको भनाइ, विचार वा आशय लिनुपर्ने भएमा प्रत्यक्ष वा अप्रत्यक्ष सन्दर्भाङ्कन गर्न सकिन्छ । भावहरणलाई प्राज्ञिक अपराध वा प्राज्ञिक उल्लङ्घनका रूपमा लिइन्छ। प्राज्ञिक लेखनमा लेखकका शब्द वा विचारलाई निजी सम्पत्ति ठानी लिइएको विषयवस्तुको स्रोत खुलाउनुपर्ने हुन्छ। अन्यथा यसले प्राज्ञिक एवम् पेसागत जीवनमा समेत असर पुऱ्याउन सक्छ । साथै, व्यक्तिलाई कलङ्कित तुल्याउन सक्छ। तसर्थ प्राज्ञिक लेखनमा प्रयोग गरिने भाषा भावहरणरहित हुनुपर्छ ।

**अतिसामान्यीकरणविहीन :** वस्तुतः सीमित सन्दर्भ र स्थानमा मात्र गर्न मिल्ने सामान्यीकरणलाई असीमित सन्दर्भ र स्थानमा समेत उल्लेख गर्नुलाई अतिसामान्यीकरण भनेर बुझिन्छ। अतिसामान्यीकरणलाई अर्को शब्दमा व्यापक बयान, विकृत कथन, तर्कको कमी, एक तार्किक भ्रम, एक संज्ञानात्मक त्रुटि, पद्धतिगत त्रुटि आदिसमेत भनिन्छ । उदाहरणका लागि कुनै एक कार्य वा क्षेत्रमा देखापरेको असफलतालाई सबै कामको असफलता वा हारका रूपमा भविष्यवाणी गर्नु अतिसामान्यीकरण हो । अनुसन्धानका सन्दर्भमा अतिसामान्यीकरणलाई तर्कको असफलताका रूपमा व्याख्या गर्ने गरिन्छ। अतिसामान्यीकरण अनुसन्धानको पुष्टि गर्न वा प्रमाणित गर्न नसकिने दोष हो । त्यसैले अनुसन्धानात्मक भाषाप्रयोगमा अतिअसामान्यीकरणमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

**अनावृत्त :** प्राज्ञिक लेख, पाठ वा रचनामा भाषिक एकाइ (पद, पदावली, उपवाक्य वा वाक्य) लाई दोहोऱ्याएर प्रस्तुत गर्ने कार्यलाई आवृत्ति भनिन्छ । यसअन्तर्गत वस्तु,

व्यक्ति, पदार्थ वा प्राणीलाई जनाउने शब्दको आवृत्तिलाई लिइन्छ । साङ्कथनिक सन्दर्भमा यसलाई पुनरावृत्ति भन्ने गरिन्छ । यो कोशीय संसक्तिका दुई मुख्य भेद पुनर्कथन र सन्निधानमध्ये पुनर्कथनअन्तर्गत पर्दछ । यसले भाषिक एकाइ वा पाठलाई संसक्त तुल्याउने मानिन्छ । प्राज्ञिक लेखनका सन्दर्भमा भाषिक एकाइको पुनरावृत्ति हुनुहुँदैन भन्ने आशय होइन । अत्यधिक आवृत्ति गरिनुहुन्न भन्ने हो । एउटै विषय सन्दर्भलाई जनाउन पटकपटक गरिने आवृत्तिले प्राज्ञिक लेखनलाई सरस एवम् प्रभावात्मक बनाउँदैन भन्ने हो । त्यसो त एउटै अनुसन्धानात्मक लेखनका विभिन्न स्थानमा एउटै आशयको पुनरावृत्ति हुनुलाई पनि उपयुक्त मानिँदैन ।

**सङ्गतियुक्त :** प्राज्ञिक लेखनमा सम्बन्धित भाषाको व्याकरण अवलम्बन गर्नुपर्ने दृष्टिकोणलाई व्याकरणिकता वा व्याकरणिक सङ्गतियुक्तता भनिन्छ । हार्टली (सन् २००८) का अनुसार प्राज्ञिक लेखनमा सामान्य व्याकरणिक त्रुटि स्वीकार्य हुन सक्छ तर पाठका अनुच्छेदहरूको पूर्णतः संशोधन वा परिमार्जन स्वीकार्य हुँदैन । व्याकरणको उपयुक्त प्रयोगले प्राज्ञिक लेखनलाई सुसङ्गत तुल्याउन महत्तम भूमिका निर्वाह गर्दछ । बेली (सन् २०११, पृ.२५२) का अनुसार “पाठलाई सम्पन्न गर्नुपूर्व वा प्रकाशन, प्रसारणका लागि पठाउनुपूर्व व्याकरणिक त्रुटिहरू परीक्षण गर्नुपर्ने हुन्छ” । यसबाट प्राज्ञिक लेखनमा व्याकरणिक र कोशीय ज्ञान एवम् सक्षमता आवश्यक पर्ने हुन्छ भन्ने कुरा अवधेय हुन्छ । समग्रतः प्राज्ञिक लेखनका सन्दर्भमा प्रत्येक शब्दको स्वरूप, अक्षर, चिन्ह, व्याकरण र अर्थमा ध्यान दिनुपर्छ ।

**संसक्ति र संयुक्तियुक्त :** सङ्कथन वा पाठमा वाक्यीय (जटिल)-अन्तर्वाक्यीय सम्बन्ध दर्साउन आउने भाषिक युक्तिलाई संसक्ति भनिन्छ । संसक्तिले कथ्य वा लेख्य पाठभित्रका भाषिक एकाइ (वाक्यहरू) लाई परस्परमा सम्बन्धित तुल्याउने कार्य गर्दछ । हालिडे र हसन (सन् १९९२) का अनुसार कुनै पनि पाठमा पहिलो वाक्यबाहेकका प्रत्येक वाक्यमा संसक्तिका केही रूप हुन्छन् । संसक्तिले पाठमा प्रस्तुत विचारलाई एकत्रित गर्न र पाठलाई पाठ्यात्मक बनाउन विशिष्ट सहयोग पुऱ्याउँदछ । संयुक्ति पाठमा प्रस्तुत विचार वा अभिव्यक्तिको सिलसिला हो । यसले व्यक्त आशयको आर्थी सिलसिला वा संयोजनलाई जनाउँछ । यसको अभावमा व्यक्त विचार वा विषयवस्तुको बोध गर्न सकिँदैन । यो व्यक्त विषयवस्तुका बिचको पूर्वापर सम्बन्धसँग सम्बन्धित रहेको छ । प्राज्ञिक लेखनमा भाषा प्रयोग गर्दा संसक्ति र संयुक्तिलाई ध्यान दिनुपर्ने हुन्छ ।

**साक्ष्यात्मक :** प्राज्ञिक लेखनमा अनुसन्धाताले आफ्नो विचार वा अभिव्यक्तिलाई पुष्टि गर्नका निम्ति उपयोग गर्ने तथ्यलाई साक्ष्य भनिन्छ । बेली (सन् २०११) का अनुसार

साक्ष्य वा प्रमाण लेखाइका तत्त्वमध्ये विचार र व्याख्याअन्तर्गत पर्दछ। अनुसन्धानको वैधता र विश्वसनीयताका लागि यसको आवश्यकता पर्छ। हेडी (सन् २००७) का अनुसार आफ्नो दाबीलाई पुष्टि गर्ने सामग्रीलाई साक्ष्य वा प्रमाण भनिन्छ। अनुसन्धानमा प्रयोग गरिने साक्ष्य एकै किसिमको हुँदैन। अनुसन्धानको प्रकृतिअनुसार यसको प्रकृति निर्भर हुन्छ। साहित्यिक अनुसन्धानका सन्दर्भमा अनुच्छेद, श्लोक वा निबन्धहरू साक्ष्य बन्न सक्छन्। यसअतिरिक्त कसैका भनाइ वा विचार पनि साक्ष्य बन्न सक्छन्। प्राज्ञिक लेखनको भाषाशैली उल्लिखित सबै गुणले युक्त हुनुपर्छ।

## निष्कर्ष

उल्लिखित विभिन्न तथ्यहरूको अवेक्षण गर्दा के गतार्थ हुन्छ भने प्राज्ञिक लेखन सामान्य र साहित्यिक लेखनभन्दा भिन्न हुन्छ । यसको प्रकृति व्याख्यात्मक, विश्लेषणात्मक, समालोचनात्मक र प्रभावात्मक हुन्छ । यसमा निश्चित सिद्धान्तको उपयोग गरिन्छ। यसअन्तर्गत प्रयोजनकेन्द्रित, पाठककेकेन्द्रित, स्पष्ट दृष्टिकोणमा आधारित, विषयमा आधारित, सङ्गठनात्मक, प्रामाणिक, स्पष्ट वर्णनमा आधारित, अनुसन्धानकेन्द्रित, निश्चित शैलीमा आधारित, मौलिकलगायतका सिद्धान्त पर्छन्। त्यसैगरी प्राज्ञिक लेखनको भाषाशैली निश्चित हुन्छ। प्राज्ञिक लेखनमा वस्तुपरकता, आग्रहरहितता, अनलङ्कारिकता, भावहरणहीनता, अतिसामान्यीकरणविहीनता, अनावृत्त, सङ्गतियुक्त, संसक्ति र संयुक्तियुक्त, साक्षात्मकलगायतका गुणहरू सन्निहित हुनुपर्छ। यस सम्बन्धी जानकारीले प्राज्ञिक लेखनमा क्रियाशील विद्यार्थी, शिक्षक एवम् अनुसन्धाता सबैलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## सन्दर्भ सामग्री

Awagu, I. (2021). Language in academic writing: Features and topical issues. *Language and Literature Studies.* 9 (2). pp. 49-56.

Bailey, S. (2011). *Academic writing: A handbook for international students. (Third Eds) Routledge.*

Gulkat, Z. (2004). *Defining academic writing.* Bogazici University SFL.

Haliday, M. A. K., Hasan Ruqaiya (1992). *Language, context, and text: Aspects of language in a social semiotic perspective.* Oxford University Press.

Hanifi, A. (2020). Academic writing learning skills: Teaching facts and expected remedies. *The Online Journal of New Horizons in Education.* 10 (3), pp. 132-136.

Hartly, J. (2008). *Academic writing and publishing.* Routledge. (pp. 21-72)

Heady, E. (2007). *Introduction to graduate writing*. Liberty University Graduate Writing Center.

Hinkel E. (2004). *Academic ESL Writing.* Lawrence Erlbaum Associates Publishers https://www.adelaide.edu.au/writingcentre/ua/media/21/learningguide-objectivelanguage.pdf)

https://www.petrinadarrah.com/posts/bias-free-language

Whitaker A. (2010). *Academic writing guide 2010: A step by step guide to writing academic papers.* City University.

## लेखक विवरण

*डा. केशव भुसाल* शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुरमा उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायबाट २०७४ सालमा विद्यावारिधि गर्नुभएका भुसाल हाल विश्वविद्यालय अनुदान आयोगअन्तर्गतको फ्याकल्टी अनुसन्धानमा क्रियाशील हुनुहुन्छ । उहाँले स्नातक र स्नातकोत्तर तहका पाठ्यपुस्तक, स्रोत पुस्तक र अनुसन्धानात्मक लेखरचना प्रकाशन गर्नुभएको छ । उहाँ भाषा, भाषाविज्ञान तथा अनुसन्धानका क्षेत्रमा अधिक रुचि राख्नुहुन्छ ।